नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**
(वैदेशिक व्यापार नियमन शाखा)

(फोन नं.९७७-०१-४२४७९१२ ४१४७९१३ फ्याक्स नं.९७७-०१-४२४९६)

बबरमहल, काठमाडौं ।

प.सं. २०७९/८०
च.नं.

मितिः २०७९/१०/२६

## वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी व्यवसाय सञ्चालन गर्न ईजाजतपत्र प्राप्त कम्पनीहरूको नाममा जारी गरिएको निर्देशन

वस्तुको प्रत्यक्ष बिक्रीको लागि हालसम्म इजाजतपत्र प्राप्त कम्पनीहरूले पेश गरेको वार्षिक कार्यप्रगति प्रतिवेदनको अलावा यस विभागबाट समय समयमा माग गरिए बमोजिम पेश हुन आएका थप कागजातहरू सघन रुपमा अध्ययन भैरहेको छ। उक्त अध्ययनका क्रममा हालसम्म ज्ञात हुन आएका अवस्थाका अतिरिक्त वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी प्रचलित कानून, संसदीय समितिको अध्ययन प्रतिवेदन एवं निर्देशन र वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी सिद्धान्त बमोजिम स्वच्छ बजार कायम गर्नका निमित्त इजाजतपत्र प्राप्त कम्पनीहरूको व्यवसायिक क्रियाकलापमा तत्काल केही सुधार गर्नुपर्ने देखिएकोले त्यस कम्पनीबाट हुने कारोबार सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनुहुन **वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा दफा ५३ को उपदफा (१)** तथा **वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका, २०७८ को दफा** १२ र १३ बमोजिम यो निर्देशन जारी गरिएको छ।

१. कम्पनीले वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा ४ को उपदफा (१) देहाय (घ) तथा निर्देशिकाको दफा ३ को उपदफा (३) बमोजिम पेश गर्नुपर्ने वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी विस्तृत व्यावसायिक कार्ययोजनाका आधारभुत खण्ड तथा विषयवस्तुमा एकरुपता ल्याउन आवश्यक देखिएको हुँदा यस विभागबाट स्वीकृत ढाँचा बमोजिमको वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी विस्तृत व्यावसायिक कार्ययोजना यो निर्देशन प्राप्त भएको मितिले १ महिना भित्र तयार/अद्यावधिक गरी विभागसमक्ष स्वीकृतिका लागि पेश गर्नुहुन र स्वीकृत/प्रमाणित भएको कार्ययोजनाको १ प्रति मुख्य कारोबारस्थलमा राख्नुहुन; साथै त्यस्तो कार्ययोजना अनुरूप मात्र वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी कार्य गर्नुहुन।

२. बुँदा नं. १ बमोजिमको स्वीकृत कार्ययोजनामा उल्लिखित वस्तुहरूको अलावा नेपालमा उत्पादित अन्य कुनै वस्तुको प्रत्यक्ष बिक्री वा वितरण गर्न चाहने इजाजतपत्रवालाले त्यस्तो वस्तुको बिक्री वा वितरण प्रारम्भ गर्नुपूर्व वस्तुको नाम, ट्रेडमार्क, उपयोगिता, उत्पादक, गुणस्तर परीक्षण तथा कारोबार स्वीकृति लिनुपर्ने वस्तुको हकमा तत् सम्बन्धी परीक्षण प्रतिवेदन र स्वीकृति, वस्तुको उपभोक्ता बिक्री मूल्य सहितको विवरण विभाग समक्ष जानकारी गराउनुहुन।

३. स्वीकृत कार्ययोजनामा उल्लिखित वस्तुहरूको अलावा विदेशमा उत्पादित कुनै वस्तुको प्रत्यक्ष बिक्री वा वितरण गर्न चाहने इजाजतपत्रवालाले त्यस्तो वस्तुको बिक्री वा वितरण प्रारम्भ गर्नुपूर्व वस्तुको नाम, ट्रेडमार्क, प्रकार, उपयोगिता, उत्पादक कम्पनी तथा मुलुक,उत्पत्तिको प्रमाणपत्र, गुणस्तर परीक्षण तथा आयात स्वीकृति

फोन नं. ९७७ – ०१ – ४२४७९१२
४१४७९१३
फ्याक्स नं. ९७७ – ०१ – ४२४९६

बबरमहल, काठमाडौं ।

प.सं. २०७९/८०
च.नं.

लिनुपर्ने वस्तुको हकमा तत् सम्बन्धी परीक्षण प्रतिवेदन र स्वीकृति, वस्तुको उपभोक्ता बिक्री मूल्य एवम् वार्षिक आयात हुने परिमाण सहित आफ्नो व्यवसायिक कार्ययोजनालाई अध्यावधिक गरी विभाग समक्ष पेश गर्नुहुन; साथै विदेशमा उत्पादित वस्तु त्यस कम्पनीको स्वीकृत व्यवसायिक कार्ययोजनामा समावेश रहे वा नरहेको सम्बन्धमा निर्देशिकाको दफा ९ को उपदफा (२) बमोजिम विभागबाट यकिन भईसकेपछि मात्र तोकिएको वार्षिक परिमाण भित्र रहेर त्यस्ता वस्तुको आयात एवम् प्रत्यक्ष बिक्री वा वितरण गर्नुहुनु।

४. विदेशमा उत्पादित वस्तुको प्रत्यक्ष बिक्री वा वितरण गर्ने इजाजत प्राप्त कम्पनीले बिक्री वा वितरण गरिरहेको विदेशी उत्पादनका वस्तुसँग मेल खाने उस्तै वा समान (Identical or Similar) प्रकृति र उपयोगिताका वस्तु नेपालमा समेत उत्पादन भैरहेको छ भने कम्पनीको वार्षिक कूल बिक्री कारोबारको कम्तिमा ५० प्रतिशत हिस्सा नेपालमै उत्पादित वस्तुको कारोबार गरेको सुनिश्चित गर्नुहुन।

५. प्रत्यक्ष बिक्री वा वितरण गरिने वस्तुको उपभोक्ता बिक्री मूल्य कायम गर्दा सोही वस्तु वा त्यस्तै प्रकृतिको (समान गुणस्तर, परिमाण, प्याकिङ् तथा उपयोगिता भएको) अन्य समानान्तर वस्तु (Identical or Similar Goods) को लागि प्रत्यक्ष बिक्री वा वितरण बाहेकको नियमित (परम्परागत) बजार मार्फत बिक्री गर्ने प्रयोजनार्थ कायम भएको अधिकतम खुद्रा बिक्री मूल्य भन्दा बढी नहुने सुनिश्चित गर्नुहुन।

६. वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरक भनेको इजाजतपत्रवालाले प्रत्यक्ष रुपमा उपभोक्तालाई बिक्री वा वितरण गर्ने वस्तुको बजारीकरण वा बजार प्रवर्द्धन गर्न नियुक्त व्यक्ति वा प्रतिनिधि मात्र हो। निज एक तहबाट आँफै वस्तु खरिद गरी अर्को तहलाई पुनः बिक्री गर्ने व्यवसायी होइन। अतः वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरकले आफ्नो सामान्य व्यवहारमा उपभोग गर्ने प्रयोजनका लागि बाहेक पुनः बिक्री गर्ने प्रयोजनका लागि इजाजतपत्रवालाबाट कुनै पनि वस्तु खरिद नगर्न त्यस कम्पनीबाट नियुक्त सबै बिक्रेता वा वितरकलाई जानकारी गराउनुहुन, साथै आँफूद्वारा नियुक्त बिक्रेता वा वितरकको सामान्य व्यवहारमा उपभोग हुन सक्ने भन्दा बढि परिमाणका वस्तुहरू निजले पुनः बिक्री वितरण गर्नसक्ने स्पष्ट सम्भावना रहेको अवस्थामा त्यस्तो बढि परिमाणमा कुनै पनि वस्तु कुनै पनि बिक्रेता वा वितरकलाई बिक्री नगर्ने सुनिश्चितता गर्नुहुन।

७. त्यस कम्पनीले कुनै व्यक्तिलाई आफ्नो बिक्रेता वा वितरक नियुक्त गर्दा निजले त्यस कम्पनीको निश्चित परिमाणको वस्तु खरिद गरेको आधारमा नभई उसको व्यक्तिगत योग्यता, अनुभव, रुची र क्षमताको आधारमा स्वतन्त्र र निष्पक्ष ढङ्गले नियुक्त गर्नुहुन; कम्पनीले नियुक्त गरेका बिक्रेता वा वितरकबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै पनि किसिमको सदस्यता शुल्क नलिनुहुन; साथै कुनै व्यक्तिलाई अन्य कुनै व्यक्तिले कम्पनीको वितरक वा बिक्रेता बन्न सघाईदिएबापत कुनै किसिमको कमिसन नदिएको नलिएको सुनिश्चितता गर्नुहुन।

८. उपभोक्ताले कम्पनीको वस्तु खरिद गर्नकै निमित्त कुनै किसिमको सदस्यता लिनु नपर्ने, नागरिकताको प्रमाणपत्र वा प्यान कार्ड बुझाउनु नपर्ने सुनिश्चितता गर्नुहुन।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**
(वैदेशिक व्यापार तथा नियमन शाखा)

(फोन नं. ९७७ – ०१ – ४२४७९१२
४१४७९१३
फ्याक्स नं. ९७७ – ०१ – ४२४९६)

बबरमहल, काठमाडौं ।

प.सं. २०७९/८०
च.नं.

९. वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी निर्देशिका, २०७८ को दफा (६) को उपदफा (१) बमोजिम वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरकसँग गरिने सम्झौतापत्रको नमूना इजाजतपत्रवाला कम्पनीको वेबसाइटमा राख्नुहुन; साथै सम्झौता गरी नियुक्त गरिएका बिक्रेता वा वितरकको विवरण सूचि (Printed and Electronic Copy) यसै पत्रसाथ संलग्न ढाँचामा तयार गरी प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र विभागसमक्ष पेश गरी सो अनुसार अभिलेख आफ्नो कम्पनीको वेभसाइटमा अद्यावधिक गरी राख्नहुन। पुनश्चः अघिल्लो महिनामा पेश गरेको बिक्रेता वा वितरकको सूचिमा पछिल्लो महिनामा कुनै परिवर्तन भएको छैन भने अघिल्लो महिनाको सूचि पुनः पेश गरिरहनु पर्ने छैन, तर तत् सम्बन्धी अवस्थाको जानकारी गराउनु पर्नेछ।

१०. वस्तुको बिक्री बढाउने प्रयोजनको लागि वस्तुको प्रत्यक्ष बिक्री (नियमन तथा व्यस्थापन गर्ने) ऐन, २०७४ को दफा ११ को देहाय खण्ड (ङ) विपरित व्यवसायिक दृष्टिकोणले अनुचित र असम्भव देखिने आकर्षक उपहार वा कमिशनको प्रलोभन देखाउने कार्य नगर्नु नगराउनुहुन।

११. वस्तुको प्रत्यक्ष बिक्री वा नेटवर्किङ वा अन्य जुनसुकै किसिमको कार्य गर्ने कुनै पनि विदेशी कम्पनीको प्रत्यक्ष वा अप्रत्यक्ष शाखा वा सञ्जालको रुपमा रहेर कुनै पनि कार्य जिम्मेवारी वा भूमिका निर्वाह नगर्नुहुन।

१२. त्यस कम्पनीले गर्ने वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी कारोबारको पारदर्शिता तथा अभिलेखनको लागि विकास गरिएको व्यापारिक सफ्टवेयर (Business Software) प्रयोगका लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट लिएको इजाजतपत्रको प्रतिलिपि सहित त्यस्तो सफ्टवेयरमा रहेका आधारभूत विशेषताको जानकारी विभागलाई गराउनुहुन। यदी त्यस्तो सफ्टवेयर हालसम्म पनि विकास भएको छैन भने यो निर्देशन प्राप्त मितिले तीन महिनाभित्र अनिवार्यरूपमा सफ्टवेयर विकास गरी प्रयोगका लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट इजाजतपत्र लिई तत् सम्बन्धी जानकारी विभागलाई गराउनुहुन।

१३. त्यस कम्पनीले प्रत्यक्ष बिक्री वा वितरण गर्ने वस्तुको नाम, समिश्रण, उपयोगिता, उपयोग गर्दा हुनसक्ने सम्भाव्य जोखिम (यदी छ भने), खुद्रा बिक्री मूल्य, उत्पादक कम्पनी र खरिद गर्ने तरिका लगायतका विवरण कम्पनीको वेभसाईटमा स्पष्टसँग पढ्न र बुझ्न सकिने गरी राख्नुहुन। यदी कम्पनीको वेभसाईट हालसम्म पनि विकास भएको छैन भने यो निर्देशन प्राप्त मितिले तीन महिनाभित्र अनिवार्यरूपमा वेभसाईट विकास गरी उल्लिखित विवरण राख्नुहुन र सोको जानकारी विभागलाई गराउनुहुन।

१४. वस्तुको प्रत्यक्ष बिक्री (नियमन तथा व्यस्थापन गर्ने) ऐन, २०७४ को दफा १४ अनुसार इजाजतपत्रवालाले प्रत्यक्ष बिक्री वा वितरक नियुक्तिका लागि सम्झौता गर्दा त्यस्तो बिक्रेता वा वितरकले वस्तु बिक्री वितरण गरे वा गराएबापत पाउने सेवा, सुविधा, कमिशन र बोनसको सम्बन्धमा स्पष्ट रुपमा खुलाउनु पर्ने व्यवस्था रहेको र नियमावलीको नियम १० ले त्यस्तो सेवा, सुविधा, कमिशन र बोनस बापतको रकम प्रत्यक्ष बिक्री वा वितरण गरिने वस्तुको बिक्री मूल्यको आधारमा निर्धारण गरिने व्यवस्था गरेको हुँदा सोही अनुरुप गर्नुहुन।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**
(वैदेशिक व्यापार नियमन शाखा)

(फोन नं. ९७७ – ०१ – ४२४७९१२
४१४७९१३
फ्याक्स नं. ९७७ – ०१ – ४२४९६)

बबरमहल, काठमाडौं ।

प.सं. २०७९/८०
च.नं.

यस सम्बन्धमा PV, BV वा यस्तै अन्य भन्ने जस्ता अमूर्त वा अस्पष्ट संकेतको व्यवस्था नरहने सुनिश्चित गर्नुहुन।

१५. इजाजतपत्रवालाले वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरक नियुक्त गरी काममा लगाउनु अघि वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६ को नियम २१ बमोजिम अनिवार्य रूपमा अभिमुखीकरण तालिम सञ्चालन गर्नुहुन। त्यसैगरी वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरकको रूपमा नियुक्त भई तालिम लिएर काम गरिरहेका व्यक्तिलाई पनि प्रत्येक ६ महिनामा न्यूनतम १ पटकमा नघट्नेगरी पुनर्ताजगी तालिम उपलब्ध गराउनुहुन। त्यसरी सञ्चालन गरिने तालिममा अन्य कुराका अतिरिक्त विभागले समयसमयमा दिएका निर्देशनका सम्बन्धमा समेत तालिममा सहभागीहरूलाई जानकारी गराउनुहुनु। साथै अभिमुखीकरण तथा पुनर्ताजगी तालिमको पाठ्यक्रम, तालिम विधि तथा अवधी र प्रशिक्षक तथा प्रशिक्षार्थीको विवरण सहितको प्रतिवेदन तालिम सम्पन्न भएको १५ दिनभित्र विभागसमक्ष पेश गर्नुहुनु।

१६. त्यस कम्पनीले प्रत्यक्ष बिक्री वा वितरण गर्ने वस्तुको सम्बन्धमा वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६ को नियम २२ बमोजिम गर्नुपर्ने उपभोक्ता सचेतना कार्यक्रम आगामी २ महिनाभित्र कम्तिमा २ स्थानमा सञ्चालन गरी सोको प्रतिवेदन कार्यक्रम सम्पन्न भएको १५ दिनभित्र विभागसमक्ष पेश गर्नुहुन।

१७. वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरकले आवधिक रूपमा गरेको वस्तुको प्रत्यक्ष बिक्री परिमाणको आधारमा कम्पनीले निजलाई निश्चित योग्यता समूह वा तहको बिक्रेताको रूपमा वर्गिकरण गर्न सम्म सक्ने, तर कुनै पनि वितरक वा बिक्रेता अर्को वितरक वा बिक्रेताको मातहत वा तालुक तहको रूपमा (Hierarchical Order) मा नरहने कुराको सुनिश्चितता गर्नुहुन।

१८. वस्तुको प्रत्यक्ष बिक्री (नियमन तथा व्यस्थापन गर्ने) ऐन, २०७४ को दफा १८ ले गरेको व्यवस्था बमोजिम त्यस कम्पनीले गर्ने वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी व्यवसायको विमा गरी सोको प्रमाण विभागसमक्ष पेश गर्नुहुन।

१९. त्यस कम्पनीले विभागसमक्ष पेश गरी स्वीकृत भएको वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी विस्तृत व्यावसायिक कार्ययोजनामा कुनै कुरा थपघट गर्नुपर्ने भए विभागको स्वीकृतिका लागि पेश गर्नुहुन र विभागबाट स्वीकृत भएपछि मात्र कार्यान्वयन गर्नुहुन।

२०. कम्पनीको बिक्री कक्षमा कम्पनीको जिम्मेवार कर्मचारीलाई स्पष्ट काम, कर्तव्य र जिम्मेवारी तोकेर मात्र खटाउने व्यवस्था गर्नुहुन।

२०८०।१०।२६

गणेश बहादुर अधिकारी
निर्देशक

## सम्झौता गरी नियुक्त गरिएका बिक्रेता वा वितरकको विवरण सूची

(निर्देशन नं. ? सँग सम्बन्धित)

कम्पनीको नामः ..........................

ठेगानाः ..........................

दर्ता नम्बरः ..........

साल २०..... महिना ....... गते ... सम्मको बिक्रेता वा वितरक सम्बन्धी अध्यावधिक विवरण

| क्र.सं. | सङ्केत नं. | नाम, थर | ठेगाना | फोन/ मोबाइल नं. | स्था.ले.नं. | सम्झौता मिति | शुरू अभिमुखीकरण तालिम लिएको मिति | पछिल्लो पुनर्ताजगी तालिम लिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ... | | | | | | | | | |
| ... | | | | | | | | | |
| ... | | | | | | | | | |

तयार गर्नेः ...................

प्रमाणित गर्नेः ...................

मितिः ...................